# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड ४** | **संख्या २** | **मिति २०७७।०६।१६** |

# भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेश, नेपाल**

**संवत २०७७ सालको कार्यविधि संख्या २**

| |
|---|
| **विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७** |

विहादी गाउँपालिका

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७

प्रथम पटक संशोधन : २०७८।०७।२९
दोस्रो पटक संशोधन : २०८१।०४।१५
तेस्रो पटक संशोधन : २०८२।०५।१३

**प्रस्तावना :** विहादी गाउँपालिका भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुर्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन बाञ्छनिय भएकोले विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि विहादी गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरि लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

**(१)** यस कार्यविधिको नाम **"विहादी गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि - २०७७"** रहेको छ ।

**(२)** यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यालय" भन्नाले यस विहादी गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

ख) "शाखा" भन्नाले यस विहादी गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

ग) "वडा कार्यालय" भन्नाले यस विहादी गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

घ) "अध्यक्ष" भन्नाले यस विहादी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

ङ) "उपाध्यक्ष" भन्नाले यस विहादी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

च) "कार्यपालिका सदस्य" भन्नाले यस विहादी गाउँपालिकाको कार्यपालिका सदस्यहरुलाई सम्झनुपर्नेछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस विहादी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ ।

ज) "वडा समिति" भन्नाले यस विहादी गाउँपालिकाको ६ वटै वडाका वडा समितिहरु सम्झनुपर्नेछ ।

झ) "व्यवसायी" भन्नाले यस विहादी गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

ञ) "कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि - २०७७" सम्झनुपर्नेछ ।

ट) "कर" भन्नाले गाउँपालिका सँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम विहादी गाउँ पालिकाको आफ्नो क्षेत्रभित्रको व्यवसायमा पुँजिगत लगानि, आर्थिक कारोवार, क्षेत्रगत एवम् व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्दछ र यो शब्ले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर , दर्ता, जरिवाना समेतलाई जनाउँदछ ।

ठ) "कर अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीलाई संझनुपर्दछ ।

**३. क्षेत्र :** यस विहादी गाउँपालिका क्षेत्र भित्रका सवै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

**४. विषय क्षेत्र :** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यान्न, थोक तथा खुद्रा पसल
ख) होटल व्यवसाय
ग) पशुपालन फर्म
घ) नर्सरी
ङ) उद्योग तथा कल कारखाना
च) कृषि फर्म
छ) औषधि पसल
ज) मासु पसल / फ्रेस हाउस
झ) वर्कसफ
ञ) ब्यूटि पार्लर
ट) जनरल स्टोर
ठ) बाल काट्ने पसल
ड) अन्य

## परिच्छेद - २

## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

**५. व्यवसाय दर्ता प्रकृया :**

१) व्यवसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवासायीले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य रुपमा दर्ता गर्नुपर्नेछ ।

२) दफा ६ (१) बमोजिम रितपुर्वक निवेदन परेपछि कार्यालयले आवश्यक छानविन गरी यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ र सो को अभिलेख अनुसूची ४ बमोजिमको दर्ता कितावमा राख्नुपर्नेछ ।

३) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।

४) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवासायीले २०७७ मंसिर मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

**६. दर्ताका लागि आवश्यक कागजातहरु :**

१) व्यवसाय दर्ताका लागि व्यवसायिले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

क) हालसालै खिचेको २ प्रति फोटो ।
ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
ग) वडा कार्यालयको सिफारिस ।
घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि ।
ङ) व्यवसाय रहने स्थानको कित्ताको चारकिल्ला प्रमाणित ।
च) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।
छ) उद्योगको हकमा सधियारको मञ्जुरीनामा र उद्योग वाणिज्य संघको सिफारिस पत्र ।

ज) संयुक्त व्यवसाय भए साझेदारहरुको नागरिकताको प्रतिलिपि र साझेदारहरु विचको साझेदारी सम्झौता ।

२) गाउँपालिका भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुची ३ मा उल्लेखित ढाँचामा दरखास्त दिंदा देहायका कुराहरु खुलेको हुनुपर्नेछ :-

क) व्यवसायको नाम ख) व्यवसाय गर्ने ठेगाना ग) व्यसायको प्रकृति: उद्योग, व्यापार, सेवा, पेशा, फर्म घ) व्यवसायले कारोवार गर्न मुख्य वस्तु, सेवा तथा कामको विवरण ङ) स्थिर पुँजिगत लगानी च) एकल वा संयुक्त व्यवसाय छ) अन्यत्र व्यवसाय दर्ता र ईजाजत प्राप्त भएको भए सो को विवरण तथा ईजाजत पत्र र दर्ता प्रमाणपत्र नं. आदी ।

३) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि गाउँ कार्यपालिकाको कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरि निर्धारण भए बमोजिमको वार्षिक कर एवम् अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ ।

४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चलन गर्नुपर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोवार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरि विभिन्न स्थानमा सञ्चालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुराएको मानिने छैन ।

**७. कर बुझाउने दायित्व :**

१) विहादी गाउँपालिकाको आर्थिक ऐन बमोजिम कर बुझाउने दायित्य व्यवसाय दर्ता भएको व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै एक व्यक्तिलाई पनि कर बुझाउन बाध्य गर्न सकिनेछ ।

**८. प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

**१)** माथि ६ (१) मा उल्लेखित कागजातहरु प्राप्त भईसकेपश्चात् तोकिएको दस्तुर लिई कार्यालयले **अनुसूची - १** बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

९. **व्यवसाय नवीकरण सम्बन्धी व्यवस्था :** व्यवसायको म्याद प्रत्येक आर्थिक वर्षको अन्तमा समाप्त हुनेछ । व्यवसायीले व्यवसायको म्याद समाप्त भए पश्चात व्यवसाय अनिवार्य रुपमा नविकरण गराउनुपर्नेछ, म्याद समाप्त भएको मितिले ३ महिना सम्म नविकरण शुल्कमा जरिवाना लाग्ने छैन अन्यथा वार्षिक करको अलावा दफा १४ (ग) बमोजिम थप जरिवाना लाग्नेछ ।

**१०. व्यवसाय दर्ता, विवरण हेरफेर तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था :**

१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क / दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२) चालु आ. व. को हकमा अनुसूचि - २ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क / दस्तुर लिईनेछ ।

३) प्रत्येक आ.व. मा व्यवसाय दर्ता / नविकरण शुल्कमा गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिने छ ।

५) **विवरण हेरफेर सम्बन्धि व्यवस्था :**

क) दफा ८ बमोजिम दर्ता भएको व्यवसायको विवरणमा हेरफेर गर्नुपर्ने भएमा सम्पुर्ण कागजात सहित रितपुर्वक कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख) त्यसरी रितपुर्वक निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर बापत रु १०००।- थप दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्नेछ र सो को व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

ग) व्यसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम र व्यवसायको नाम आदि परिवर्तन गर्नु परेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा बढि लाग्ने भएमा सो फरक कर समेत असुल गरि विवरण हेरफेर गर्नु पर्नेछ।

घ) एक व्यक्ति वा एक भन्दा बढी ब्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थप गर्नु परेमा साझेदारी सम्झौता सहित चालु आर्थिक वर्षको कर असुल गरि वार्षिक करको दरमा ५० प्रतिशत थप दस्तुर लिई साझेदार थपघट गर्न सकिनेछ।

ङ) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको व्यवसाय अर्को स्थानमा ठाउँसारिको लागि निवेदन परेमा वडा कार्यालयको सिफारिस सहित कार्यालयले आवश्यक जाँचबुझ गरि चालु आर्थिक वर्ष सम्मको कर असुल गरि ठाउँसारी वापतको रु ५००।- शुल्क लिएर ठाउँसारी गरिदिनु पर्नेछ। सो को अभिलेख दर्ता कितावमा जनाई जानकारी सम्वन्धित वडा कार्यालयलाई समेत दिनु पर्नेछ।

**परिच्छेद-३**

**अनुगमन तथा कारवाही**

**११. मूल्य सूची सम्बन्धी व्यवस्था :** सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट सँग देख्ने गरी मुल्य सूची राख्नुपर्नेछ। मुल्यसुची नराखेको पाईएमा यसै कार्यविधि बमोजिम कारवाहि गरिने छ।

**१२. बजार अनुगमन सम्बन्धी व्यवस्था :**

१) यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित र मर्यादित बनाउन नियमित अनुगमन गरिनेछ। बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले जारी गर्ने बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ।

२) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार र अनुशासन कायम राख्नु पर्नेछ। यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने / गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

३) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्वन्धमा केहि कुरा बुझ्न आवश्यक भएमा कार्यालयले थप विवरण जुनसुकै समयमा माग गर्न सक्नेछ, यसरी माग गरिएको विवरण उपलब्ध गराउने दायित्व सम्वन्धित व्यवासायीको हुनेछ।

४) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट समेत प्रचलित नेपाल कानुन बमोजिम अनुमति लिनुपर्ने प्रावधान भएका पेशा व्यवसाय सञ्चालन गर्नुपुर्व सम्वन्धित निकायवाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धीत व्यवायीको हुनेछ।

**१३. दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धि व्यवस्था :**

१) यो कार्यविधि विपरितको देहायका कार्य गरेमा व्यवसायीको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सकिनेछ।

क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा,

ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

ग) कृत्रिम अभाव सृजना गरी कालो बजारी गरेमा

घ) जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा

२) उपदफा १ बमोजिम व्यवसाय दर्ता खारेजी वा बन्द गर्नु अगाडि सम्बन्धित व्यवसायिलाई मनासीव सफाई पेश गर्ने पर्याप्त मौका दिनुपर्नेछ ।

३) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवासाय दर्ता भएपछी नियमानुसार दर्ता खारेजी नभएसम्म सो व्यवसाय चालु रहेको मानिनेछ । र खारेजी हुनु अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी नियमानुसार कर असुल उपर गरिनेछ ।

४) उपदफा १ बमोजिम व्यवसाय खारेजी वा बन्द गरिएमा सम्बन्धित व्यवसायिको नाममा गाउँपालिका क्षेत्रभित्र ३ वर्ष सम्म कुनैपनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायिको विवरण संचारमाध्यमबाट सार्वजनिक गरिनेछ ।

**१४. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था :**

१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

जरिवाना :

| | |
|---|---|
| क) मूल्यसूची नराखेमा | रु १०००।- |
| ख) प्रमाणपत्र नराखेमा | रु १०००।- |

ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा वार्षिक करको अलवा देहाय बमोजिमको जरिवाना लाग्नेछ :

- आर्थिक वर्ष सुरु भएको मितिले ६ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको ६० प्रतिशत
- आर्थिक वर्ष सुरु भएको मितिले ९ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको ८० प्रतिशत
- आर्थिक वर्ष सुरु भएको मितिले १२ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको १०० प्रतिशत
- म्याद समाप्त भएको मितिले २४ महिना भित्र नविकरण गरेमा नविकरण गर्ने आ.व.को नविकरण शुल्कको ३०० प्रतिशत
- म्याद समाप्त भएको मितिले २४ महिना पछि नविकरण गरेमा नविकरण गर्ने आ.व.को नविकरण शुल्कको अलवा प्रति वर्ष ४०० प्रतिशतका दरले जरिवाना लाग्नेछ ।
- व्यवसाय दर्ता गरेपछि नियमानुसार बन्द नगरे सम्म प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ अन्यथा व्यवसायीले बुझाउनुपर्ने नविकरण शुल्क / कर वार्षिक बक्यौता सरह असुल उपर गरिनेछ ।
- चालु आ.व.मा यो कार्यविधि संशोधन भएको मिति पश्चात नविककरण हुने व्यवसायहरु आर्थिक वर्षको अन्त सम्म मात्र नविकरण गरिनेछ । संशोधन हुनु पूर्व नविकरण भएका व्यवसायीहरुलाई अर्को आर्थिक वर्षमा नविकरण हुन आउँदा म्याद समाप्त हुने मिति सम्मको नविकरणमा जरिमाना लगाइनेछैन ।

| | |
|---|---|
| घ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा | रु २,०००।- |
| ङ) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचवखन गरेमा | रु २०००।- |
| च) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा | रु २,०००।- |

२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात् पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सोही सुधार नगरेको पाईएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

३) प्रचलित कानुन र यस कार्यविधि बमोजिम दर्ता नगरि कुनैपनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा सम्बन्धित व्यवसायिलाई ३० दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

४) उपदफा ३ बमोजिम जनाउ दिएको मितिले ३५ दिन भित्र कार्यालयमा व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्ति/व्यवसायी लाई गाउँपालिकाबाट प्रवाह हुने सवै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछन् । साथै संघिय सरकार, प्रदेश सरकार, सरकारी निकाय, सार्वजनिक संस्थानको समन्वयमा त्यस्ता निकायहरुबाट उपलब्ध भएका वा हुने सेवा सुविधाहरु बन्द गर्न सिफारिस गरिनेछ ।

५) उपदफ ४ बमोजिम सेवा सुविधा बन्द राखेको ६ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरि व्यवसाय सञ्चालन गरेमा कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायिको व्यवसाय बन्द गरि लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित नेपाल कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

६) व्यवसाय दर्ता, नविकरण, छुट तथा जरिवाना शुल्क विहादी गाउँसभाले आर्थिक ऐन मार्फत संशोधन गरि लागु गर्न सक्नेछ ।

**परिच्छेद - ४**

**विविध**

**१५. बाधा अड्काउ सम्बन्धी व्यवस्था :**

**१)** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**२)** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

१६. **विशेष व्यवस्था :** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानून नबनुन्जेल सम्म वा गाउँपालिकाल बनाएको अर्को ऐन, कानूनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

१७. **यसै बमोजिम मानिने :** यो कार्यविधि लागु हुनुभन्दा पहिला गाउँपालिकामा दर्ता भएका व्यवसायहरु यसै कार्यविधि बमोजिम दर्ता भएका मानिनेछन् ।

अनुसूची १

दफा (७) सँग सम्बन्धित

**विहादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**विहादी -४, वहाकीठाँटी**

**गण्डकी प्रदेश, नेपाल**

व्यवसाय दर्ता नं. :                    दर्ता मिति :

व्यवसायीको फोटो

## व्यवसाय दर्ता प्रमाण-पत्र

जिल्ला ................ नगरपालिका/गाउँपालिका.................. वडा नं. .................. बस्ने श्री .................. लाई विहादी गाउँपालिकाको **"व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७"** को दफा (८) बमोजिम निम्न विवरण भएको यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| **व्यवसायको नाम** | |
| **व्यवसायको ठेगाना** | क) गाउँपालिका ...................ख) वडा नं. .........................<br>ग) टोल ............... घ) व्यवसाय रहेको घर नं. ...........................<br>ङ) व्यवसाय रहेको जग्गा धनिको नाम .......................... |
| **व्यवसायका कारोवारहरु** | |
| **पुँजिगत लगानी रु** | |
| **व्यवसायको प्रकृति/प्रकार** | क) एकल          ख) संयुक्त |

प्रमाणपत्र जारी गर्नेको

सही :

नाम :

पद :

**कार्यालयको छाप**

**मिति :**

# व्यवसाय नविकरण विवरण

| मिति | नविकरण अवधि | | रसिद नं. | नविकरण गर्ने अधिकारीको हस्ताक्षर | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बिहादी गाउँपालिका

**अनुसूचि - २**

**दफा (१०) सँग सम्बन्धित**

## ब्यबसायीक कर

| क्र.स. | व्यवसायको प्रकार | रकम रु (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ज्वलरी सुन चाँदी पसल | ५०० | |
| २ | मदिरा जन्य पसल | २००० | |
| ३ | सुन चाँदी जलप लगायतका गरगहना वेचविखन | ५०० | |
| ४ | भिडियो क्यामेरा | २०० | |
| ५ | इलेक्ट्रिक सामानको पसल (घडि, रेडियो, टि.भी. मोवाइल मर्मत) | २०० | |
| ६ | भाँडा पसल | २०० | |
| ७ | हार्डवयर | ५०० | |
| ८ | इन्धन विक्रि पसल | २०० | |
| ९ | फर्निचर पसल | १००० | |
| १० | एउटै छानामुनी सबै सामान बेच्ने जनरल स्टोर्स | २५०० | |
| ११ | होलसेल विक्रेता | २५०० | |
| १२ | डिलर | २००० | |
| १३ | सव-डिलर | १२०० | |
| १४ | डिपार्टमेन्ट स्टोर्स | २५०० | |
| १५ | मिनी मार्ट (सानो डिपार्टमेन्ट स्टोर्स) | १५०० | |
| १६ | खाद्यान्न किराना पसल थोक विक्रेता) | ५०० | |
| १७ | खाद्यान्न किराना पसल खुद्रा विक्रेता) | २०० | |
| १८ | फलफूल पसल (तरकारी) | २०० | |
| १९ | चिया खाजा पसल | २०० | |
| २० | गेष्ट हाउस | ५०० | |
| २१ | होम स्टे | २०० | |
| २२ | स्टेशनरी | २०० | |
| २३ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | १००० | |
| २४ | फाइनान्स तथा लघु वित्त | १००० | |
| २५ | बहुउद्देश्यीय सहकारी - ऋण, वचत प्रतिलाख | १०० | |
| २६ | कृषि सहकारी प्रतिलाख | ५० | |
| २७ | औषधी पसल | १००० | |

| | | | |
|---|---|---|---|
| २८ | निजी क्षेत्रका विद्यालय<br>क) मा.वि. तह<br>ख) आधारभूत तह (१-८) | <br>१०००<br>५०० | |
| २९ | कम्प्यूटर प्रशिक्षण | ५०० | |
| ३० | व्युटिपार्लर | २०० | |
| ३१ | सवारी साधन मर्मत | २०० | |
| ३२ | फोटो स्टुडियो | १०० | |
| ३३ | गैर सरकारी संस्था | ५०० | |
| ३४ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | १००० | |
| ३५ | ठेक्का पट्टा व्यक्तिगत<br>१० लाख भन्दा माथि<br>१० लाख भन्दा तल | <br>५००<br>२०० | |
| ३६ | केबल टि.भी. संचालन | इजाजत रु १०००<br>नविकरण रु ८०० | |
| ३७ | एफ एम संचालन | इजाजत रु १०००<br>नविकरण रु ८०० | |
| ३८ | इन्टरनेट सेवा प्रदायक | इजाजत रु १०००<br>नविकरण रु ८०० | |
| ३९ | ठेक्कापट्टा - घ गर्गको इजाजतपत्र | इजाजत रु ५०००<br>नविकरण रु ३००० | |
| ४० | मासु पसल | ५०० | |
| ४१ | पिकनिक पार्क स्पोर्ट | १०० | |
| ४२ | घुम्टी पसल<br>स्थानीय ५०० प्रतिहप्ता<br>बाह्य १००० प्रतिहप्ता | <br>१००<br>२०० | |
| ४३ | कपडा पसल | ५०० | |
| ४४ | सूचीकार टेलर्स | १०० | |
| ४५ | जुत्ता सिउने पसल | ५० | |
| ४६ | राइस मिल कुटनी पीसानी<br>सानो<br>ठुलो | <br>१००<br>५० | |
| ४७ | तोरी मिल | ५०० | |
| ४८ | ज्योतिष पसल | १०० | |
| ४९ | सवारी साधन दर्ता (स्कुटर, मोटरसाईकल, अन्यचार पाङ्ग्रे) | २०० | |

| | | | |
|---|---|---|---|
| ५० | निजी कार जिप | ५०० | |
| ५१ | ट्र्याक्टर | ५०० | |
| ५२ | निजी मिनी बस, ट्राभल बस | ५०० | |

अनुसूचि ३

दफा ६ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
विहादी, पर्वत ।

विषय : व्यवसाय दर्ता/ नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।

महोदय,

मैले, हामीले निम्न स्थानमा ........................................................................ व्यवसाय दर्ता / नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त दिन आएको छु / छौ । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिईने आदेश / निर्देशन समेत पालन गर्न मञ्जुर छु / छौ । साथै मैले / हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु / छौ ।

१. व्यवसायीको नाम, थर : ........................................................................(फर्म/कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. व्यवसायको प्रकृति क) एकल ख) संयुक्त

३. स्थायी ठेगाना : .................................... जिल्ला ................................ न.पा./गा.पा...................................
वडा नं. ............................. मार्ग ........................................ घर नं. .....................

४. बाबुको नाम, थर : .................................................................................................

५. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. .................................... मार्ग ........................... घर नं. ...................

६. सम्पर्क फोन नं. : ............................................ ईमेल : ...........................................................

७. भाडामा रहेको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर : .............................................................

८. ठेगाना : वडा नं. ................................... मार्ग ........................... घर नं. ..................

९. व्यवसायको विवरण ......................................................................................................

१०. पूँजीगत लगानी रु. मा .......................................................................

११. फर्म / कम्पनीको नाम : ....................................................................................................

१२. परिचय पाटीको साइज : लम्बाई .............................. चौडाई ................................... वर्गफिट ......................

१३. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ................................................ कार्यालय :................................................

**संलग्न काजगातहरु**

१) हालसालै खिचेको २ प्रति फोटो

२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३) वडा कार्यालयको सिफारिस

४) व्यवसाय सञ्चालन हुने जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

५) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गरन दिने जग्गाधनीको म॥जुरीनामा

६) व्यवसाय रहने स्थानको कित्ताको चारकिल्ला प्रमाणित

७) उद्योगको हकमा संधियारको मञ्जुरीनामा

८) उद्योग वाणिज्य संघको सिफारिसपत्र

९) सम्बन्धित घरको घर कर वा मालपोत रसिद

निवेदकको
दस्तखत :
नाम :
ठेगाना :
मिति :

कार्यालय प्रयोजनको लागि मात्र :

निवेदन दस्तुर : .................................

दर्ता दस्तुर ............................

व्यवसाय कर ........................

परिचय पाटी दस्तुर ..........................................

जरिवाना .......................................

जम्मा .......................................

व्यवसाय प्रमाणपत्र नं. ....................................................

मिति : ..................................................

पेश गर्ने / ठीक छ भनी प्रमाणित गर्ने / स्वीकृत गर्ने

प्रमाणीकरण मिति : २०७७। ।

अनुसुची ४

कार्यविधिको दफा ५ (२) सँग सम्बन्धित

विहादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# व्यवसाय कर दर्ता किताव

करदाता प्रमाणपत्र नं. :

जारी भएको मिति :

व्यवसायको विवरण :

१) व्यवसायको प्रकृति:......................

२) व्यवसायको किसिम :

३) रहने स्थान / ठेगाना :
वडा नं.....................घर नं.............
बाटोको नाम ................................

४) अन्य : ........................................

५) बाजेको नाम : ........................

६) सम्पर्क नं. ..........................

७) अन्य : ..............................

परिचयपाटी विवरण :

१) फर्म / कं. को नाम :

२) साइज :

३) किसिम :

४) घर धनीको नाम :

व्यवसायीको विवरण

१) नाम, थर :

२) नागरिकता नं.

३) जारी भएको जिल्ला :

४) ठेगाना : स्थायी:
अस्थायी:

५) बाबुको नाम : .....

| असुली | आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व. को व्यवसाय कर रु | परिचय पाटी | वक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत

विहादी गाउँपालिका